श्री

# बाँके जिल्ला अदालत

## प्रशासन शाखा

पत्र संख्या : ०८०।०८१
प्राप्त पत्र संख्या र मिति :
चलानी नं. :

नेपालगंज बाँके
फोन नं. : ०८१-५२०२७०
इमेल- admin.dcbanke@supremecourt.gov.np
मिति : २०८०।११।२४
ने.स.११४४ सिल्लागा १२ बिहीबार

सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा यस अदालतमा आउने सेवाग्राहीमध्ये कानून व्यवसायी राख्न नसक्ने असहाय, अशक्त, नाबालक, आर्थिक रुपमा विपन्न वा थुनामा रहेका व्यक्तिहरुलाई कानूनी सहायता उपलब्ध गराउनका लागि जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(१)बमोजिम बैतनिक कानून व्यवसायी रहने व्यवस्था भएकोले जिल्ला अदालत नियमावली, २०७५को नियम १०१(२)र (३)बमोजिम मिति २०८०।१२।०६ गते बाट रिक्त हुने बैतनिक कानून व्यवसायीको नियुक्ति गर्नको लागि ईच्छुक कानून व्यवसायीबाट दरखास्त आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रू. १०/-(दश) निवेदन दस्तुर तिरेको नगदी रसिद साथै राखी यस अदालतको प्रशासन शाखामा आफै उपस्थित भई दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

गोबिन्द आचार्य
स्रेस्तेदार उपसचिव

विज्ञापन नम्बर :०१-२०८०/०८१

पद :- वैतनिक कानून व्यवसायी

सँख्या:-१ जना

अबधि :- १ (एक) बर्ष

मासिक पारिश्रमिक :- प्रचलित कानूनले तोके बमोजिम

संलग्न हुनुपर्ने कागजातहरू:-

क) नेपाली नागरिकताको प्रतिलिपि,

ख) अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि,

ग) प्रवेशिका परीक्षादेखि कानूनमा स्नातक/स्नातोकोत्तर तह सम्मको प्रमाणपत्रहरूको प्रतिलिपि,

घ) सम्वन्धित बिषयमा कुनै तालिम प्राप्त गरेको भए सो को प्रतिलिपी

प्रदान गर्नुपर्ने सेवा

१. अदालतले तोकेका असमर्थ पक्षहरुका तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने

२. अदालती लिखत तयार गरी पेश गर्ने गराउने

३.आवश्यक कानूनी सल्लाह दिने समेतको कार्य गर्ने

४. प्रत्येक महिना ३ दिन बिदा पाउने र सो बिदा सञ्चित गरी अर्को महिना लिन पाउने छैन ।

५. बिदा स्वीकृत गराई अनुपस्थित रहेको अवस्थामा बाहेक पुरा कार्यालय समयसम्म अदालतमा उपस्थित भई कार्य गर्नुपर्ने छ।अन्य सर्तहरु जिल्ला अदालत नियमावली, २०७५ को परिच्छेद १३ बमोजिम हुनेछ ।

.छनौट किसिम :- अन्तरवार्ता र तोकिएका अन्य आधार हुने,

*सम्पर्क मितिः- २०८०/१२/११ गते र सो दिन सार्वजनिक बिदा परे सो को भोलिपल्ट ।*

७.छनौट भएका उम्मेद्वारहरुले छनौट भएको मितिले ७ दिनभित्र नियुक्ती लिन आउनुपर्ने छ।

पुनश्चः अन्य थप जानकारीको लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ ।